# मंगला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बाबियाचौर, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

प.सं. २०७९।०८०

च.नं. १६२२

मिति:२०७९।१२।२७

**ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी सिलबन्दी दरभाउपत्र पत्र आव्हान सम्बन्धी सूचना**
**(तेस्रो पटक प्रकाशित मिति: २०७९/१२/२७ गते)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११'घ'(६) को व्यवस्था अनुसार मंगला गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०७९/१२/१२ को बैठकको निर्णय बमोजिम मंगला गाउँपालिका भएर बग्ने म्याग्दी नदीको तपशिलको क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE Report)ले औल्याएको परिमाण भित्र रही घाट गद्दी पश्चात "गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७९" ले तोकेको दरमा ठेक्का बन्दोबस्तको माध्यमवाट बिक्री गर्नुपर्ने भएकोले तोकिएको अङ्कमा नघट्ने गरी तपशिल बमोजिमको शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न ईच्छुक फर्म वा कम्पनीले Hard Copy पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि मंगला गाउँपालिकाको सार्वजनिक खरिद नियमावली- २०७९ को परिच्छेद १२, आय ठेक्का बन्दोवस्त सम्बन्धी व्यवस्था, नियम १३८, उपनियम (४), खण्ड (ज) बमोजिम तेस्रो पटक यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल:**

| ठेक्का नं. | ढुङ्गा, गिट्टी र वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन गर्ने बगर | जम्मा परिमाण (घ.मि) | न्यूनतम ठेक्का रकम रु.(मू.अ. कर बाहेक) | धरौटी रकम | सिलबन्दी दरभाउपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| MRM/SQ/R/P1/S2/079-080 | ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी ठेक्का बान्द्रेघाट वडा नं ३ | १४१७.५० | ५००५९०.१३ | कवोल अङ्कको ५% | १०००/- |
| MRM/SQ/R/P1/S3/079-080 | ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी ठेक्का जल्केनीघाट वडा नं ३ | १२९३.७५ | ४५६८८७.८१ | कवोल अङ्कको ५% | १०००/- |

**शर्तहरु:**

१. ईच्छुक फर्म, कम्पनीले मितिः २०८० बैशाख ०३ गते कार्यालय समयसम्म मंगला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट दरभाउपत्र फाराम खरिद गरी मितिः २०८० बैशाख ०४ गते दिनको १२ बजेभित्र मंगला गाउँ कार्यपालिकाको कार्यालयमा सिलबन्दी दरभाउपत्र पेश गरिसक्नुपर्नेछ । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिनको १२ बजेभित्र सिलबन्दी दरभाउपत्र पेश गरिसक्नुपर्नेछ ।

२. सिलबन्दी दरभाउपत्र भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।आफूले कवोल गरेको अंकको ५ % ले हुन आउने रकम धरौटी बापत यस कार्यालयको नाममा प्रभु बैंक लिमिटेडको नाममा रहेको धरौटी खाता नं. १५००११०३०९३०००६१ मा जम्मा गरी सो को भौचर वा 'क' वर्गको बैंकको बैंक ग्यारेन्टी (९० दिन म्याद) पेश गर्नुपर्नेछ ।

मंगला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बाबियाचौर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

प.सं. २०७९।०८०

च.नं. १६२२

मितिः२०७९।१२।२७

३. सिलबन्दी दरभाउपत्रको फाराम यस कार्यालयमा नगदै रु. १,०००।- (अक्षेरुपीः एक हजार) बुझाई वा यस कार्यालयको नाममा प्रभु बैंक लिमिटेडमा रहेको आन्तरिक राजस्व खाता नं.१५००११०३०९००१०१ मा रु. १,०००।-जम्मा भएको सक्कल भौचर पेश गरी लिनुपर्नेछ ।

४. खरिद गरेको सिलबन्दी दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी फर्म दर्ता, नवीकरण, आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्र, Self Declaration , सिलबन्दी दरभाउपत्रको दस्तुर र धरौटी रकमको भौचर समावेश गरी खामबन्दी गरी लाहाछाप लगाई सम्बन्धित फर्म र प्रतिनिधिको सहीछाप गरी पेश गर्नुपर्नेछ ।

५. रीतपूर्वक पर्न आएका सिलबन्दी दरभाउपत्र दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा मितिः २०८०बैशाख ४ गते दिनको १ बजे खोलिनेछ । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ । साथै दरभाउपत्रदाता वा निजको प्रतिनिधि सिलबन्दी दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६. घाटगद्दी स्थल तोकिएको बगरबाट मात्र ढुङ्गा, गिट्टी, बालुवाहरु उत्खनन तथा बिक्री वितरण गर्नुपर्नेछ ।

७. रीत नपुगी पेश हुन आएका सिलबन्दी दरभाउपत्रहरु स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन ।सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. सिलबन्दी दरभाउपत्र स्वीकृत भएमा सो को सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई ठेक्का अङ्कको प्रथम किस्तावापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्तावापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८० साल श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । ठेक्का कबोल गर्ने फर्मले आफूले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% मूल्य अभिवृद्धि कर (VAT) रकम यस कार्यालयमा बुझाउनुपर्ने छ ।नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर व्यवसायीले छुट्टै बुझाउनु पर्नेछ ।

९. सिलबन्दी दरभाउपत्रमा प्रस्तावकले रीतपूर्वक सहीछाप गरेको हुनुपर्नेछ ।

१०. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का वन्दोवस्त गरिनेछ ।

११. नदीहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा नदीजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन, नेपाल सरकारबाट स्वीकृत ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (दोस्रो संशोधन २०७९); मंगला गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९; नेपाल सरकारबाट भएका निर्देशनहरु, मंगला गाउँपालिका भएर बग्ने म्याग्दी नदीको विभिन्न क्षेत्रबाट ढुङ्गा, गिट्टी, वालुवाको दिगो उत्खनन्, सङ्कलन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंगको रुपमा रहनेछन् ।

१२. ठेक्का सम्बन्धी विस्तृत जानकारी सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख गरिएको हुदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

२०७९।१२।२६
पूर्णबहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत



Email ID:-mangalarumun1127@gmail.com,WebsiteURL :-www.mangalamun.gov.np, Contact Number :-9857642642

१३. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको वेवसाइट www. https://mangalamun.gov.np समेत हेर्न सकिनेछ ।

पूर्णबहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत



पूर्णबहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत